परराष्ट्र मन्त्रालय

# कन्सुलर सेवा विभाग

त्रिपुरेश्वर, काठमाण्डौं

प्रेस विज्ञप्ति

**'वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशहरूमा कार्यरत रहदाँ घाइते भएका वा मृत्युवरण गरेका नेपाली नागरिकका हकवालाले प्राप्त गर्ने क्षतिपूर्ति (ब्लडमनि) लगायत कन्सुलर सेवा विभागमार्फत जिल्ला प्रशासन कार्यालयमा प्राप्त रकम हकवालालाई भुक्तानी गर्ने'** सम्बन्धमा आज मिति २०८२ साल साउन ०५ गतेका दिन नेपाल सरकार परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय तथा कन्सुलर सेवा विभागको समन्वयमा ७७ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखज्यूहरूको उपस्थितमा भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा कन्सुलर सेवा विभागको अनलाईन प्रणालीको प्रयोग गरी क्षतिपूर्तिबापत विदेशबाट प्राप्त रकम यथाशक्य छिटो मृतकका हकवालालाई भुक्तानी दिने तथा सोको निस्सा/भर्पाई कन्सुलर सेवा विभागको अनलाईन प्रणालीमा अद्यावधिक गर्ने लगायतको विषयमा छलफल भयो ।

छलफलमा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कन्सुलर सेवा विभागमार्फत मृतकको क्षतिपूर्तिबापत प्राप्त भएको रकम यसको संवेदनशीलतालाई बुझी यथाशक्य छिटो सम्बन्धित हकवालालाई सम्पर्क गरेर नियमानुसार भुक्तानी हुने व्यवस्था मिलाउन विभागका महानिर्देशकज्यूले अनुरोध गर्नुभएको थियो भने उपस्थित सहभागीले कन्सुलर सेवा विभागले चलाएको यस अभियानको प्रशंसा गर्दै आ-आफ्नो जिल्लामा भुक्तानी हुन बाँकी तथा भविष्यमा प्राप्त हुने यस्तो प्रकारको क्षतिपूर्ति रकम सरल, सहज तथा शीघ्र सम्बन्धित हकवालासमक्ष पुर्याउन पहल गर्ने बताएका थिए ।

कन्सुलर सेवा विभाग<br>
त्रिपुरेश्वर, काठमाडौं ।<br>
२०८२ साउन ०५ गते